# भानुभक्त बहुमुखी क्याम्पस, शुक्लागण्डकी नगरपालिका –५, खैरेनी-बेलचौतारा तनहुँ, गण्डकी प्रदेश, नेपाल

विधान-२०५६

(दोस्रो संशोधित विधान- २०८२)

# भानुभक्त वहुमुखी क्याम्पस, शुक्लागण्डकी नगरपालिका –५,
# खैरेनी-बेलचौतारा तनहुँ गण्डकी प्रदेश,नेपाल ।
# सञ्चालन नियमावली-२०५६
# (संशोधित विधान २०७६)
# ( दोस्रो संशोधित विधान-२०८२)

## प्रस्तावना

नेपालको गण्डकी प्रदेश तनहुँ जिल्लाको पश्चिम –दक्षिण क्षेत्रमा उच्च शिक्षा प्राप्त गर्न चाहने विद्यार्थीहरुलाई सर्वसुलभ र गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उद्देश्यले त्रिभुवन विश्व विद्यालयवाट सम्बन्धन प्राप्त गरी सामाजिक हितका लागि जनताद्धारा जनस्तरमा सञ्चालित गैर नाफामुखी सामुदायिक क्याम्पस हो । यस भानुभक्त बहुमुखी क्याम्पस शुक्लागण्डकी नगरपालिका –५, खैरेनी– बेलचौताराका लागि शैक्षिक, प्रशासनिक र आर्थिक कार्यहरुमा नियमवद्धता प्रदान गरी संस्थागत विकास गर्नका लागि निर्देशिकाको रुपमा एक विधानको आवश्यकता महसुस भएकोले क्याम्पस सञ्चालक समितिको मिति २०५६ /०६/१९ को बैठकद्धारा यो विधान पारित गरी लागु गरिएको र मिति २०७६/०८/१० गते सञ्चालक समितिको बैठक द्धारा पहिलो पटक परिमार्जित तथा संशोधन गरी लागु गरिएको विधान लाई समायानुकुल परिर्वतन लाई मध्यनजर गरि मिति २०८२/०४/३० गते क्याम्पस सभाद्धारा दोस्रो पटक संशोधन सहित लागु गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

#### १.१) संक्षिप्त नाम र प्रारम्भ

क) यस विधानको नाम भानुभक्त वहुमुखी क्याम्पस, शुक्लागण्डकी नगरपालिका –५,खैरेनी-बेलचौतारा तनहुँ, गण्डकी प्रदेश,नेपाल , सञ्चालन विधान– २०५६ ( दोस्रो संशोधित विधान-२०८२) रहेको छ ।

क्याम्पस सञ्चालक समितिको बैठकले अनुमोदन गरेका मितिदेखि यो लागू हुनेछ ।

ख) यस विधान संशोधन गरी लागू गर्न क्याम्पस सञ्चालक समिति स्वतन्त्र रहनेछ ।

ग) क्याम्पस शुक्लागण्डकी नगरपालिका वडा नं. ५, बेलचौतरा, तनहुँमा हुनेछ ।

घ) क्याम्पसको छाप स्थायी ठेगाना अनुसूची-१ बमोजिम हुनेछ ।

ङ) क्याम्पसको झण्डा अनुसुची २ बमोजिम हुनेछ ।

च) भक्त बहुमुखी क्याम्पस एक सामुदायिक अबिछिन्न उत्तराधिकारीवाला स्वशासितर संगठित संस्था हो ।

छ) व्यक्ति सरह क्याम्पसले कसै उपर नालिस उजुर गर्न सक्नेछ र क्याम्पस उपर पनि नालिस उजुर लाग्नेछ ।

#### १.२) परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-

क) "क्याम्पस भन्नाले" भानुभक्त वहुमुखी क्याम्पस, शुक्लागण्डकी नगरपालिका –५,खैरेनी-बेलचौतारा तनहुँ, गण्डकी प्रदेश,नेपाल ,लाई सम्झनु पर्दछ ।

ख ) "सञ्चालक समिति" भन्नाले क्याम्पस सञ्चालनको लागि गठित समितिलाई जनाउनेछ ।

ग ) "विधान" भन्नाले भानुभक्त बहुमुखी क्याम्पस सञ्चालन विधान २०५६ (दोस्रो संशोधित विधान-२०८२) लाई बुझाउने छ ।

घ. नियमावली, कार्यविधी, निर्दशिका भन्नाले क्याम्पस विधान बमोजिम तर्जुमा गरिएका विनियमहरुलाई बुझाउनेछ ।

ङ) "क्याम्पस सभा" भन्नाले क्याम्पस नियमानुसार गठित क्याम्पस सभासदहरुको सभालाई बुझाउने छ ।

च) "अध्यक्ष" भन्नाले क्याम्पस विधान अनुसार गठित सञ्चालक समितिका अध्यक्षलाई बुझाउने छ

छ) सदस्य भन्नाले क्याम्पस विधान अनुसार मठित सञ्चालक समितिका सदस्यलाई बुझाउने छ ।

ज) सभासद भन्नाले क्याम्पस सभाका साधारण सदस्यलाई जनाउँछ ।

झ) स्थानिय तह भन्नाले शुक्लागण्डकी नगरपालिकालाई जनाउनेछ ।

ञ) प्राध्यापक भन्नाले क्याम्पसमा अध्यापनरत स्थायी/अस्थायी, पूर्णकालीन, करारमा नियुक्त प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, सहायक प्राध्यापक, शिक्षण सहायक, प्रशिक्षक तथा उप-प्रशिक्षक समेतलाई सम्झनु पर्दछ ।

ट। कर्मचारी भन्नाले क्याम्पसको प्रशासनिक कार्यको लागि नियुक्त जुनसुकै पदका कर्मचारीलाई जनाउँछ ।

ठ) क्याम्पस प्रमुख" भन्नाले क्याम्पस सञ्चालक समितिद्वारा नियुक्त क्याम्पस प्रमुख वा प्रिन्सिपल वा प्राचार्य समेतलाई जनाउँछ ।

ड) "आंशिक प्राध्यापक" भन्नाले सञ्चालक समितिले तोकेको दरमा पिरियडको भत्ता मात्र पाउने प्राध्यापकलाई जनाउनेछ ।

ढ. "अभिभावक" भन्नाले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका बुवा, आमा वा निजको संरक्षकलाई बुझाउने छ ।

## १.३) क्याम्पसको उद्देश्य

क्याम्पसको मूलभूत उद्देश्य देहायवमोजिम हुनेछ ।

क) अनुशासित र मर्यादित वातावरण श्रृजना गरी सर्वसुलभ गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने ।

ख) सार्वजनिक सम्पत्तिको रुपमा विकास र विस्तार गरी क्याम्पसलाई आत्मनिर्भर बनाउने ।

ग) स्थानिय जनसमुदायको सद्भाव जुटाई दक्ष जनशक्ती उत्पादन गर्ने ।

घ) कला, साहित्य, संस्कृति र वातावरण संवर्धन र संरक्षण गर्ने ।

ङ) अध्ययन र अध्यापन कार्यलाई अनुसन्धानमुखी बनाउने।

## १.४) आर्थिक स्रोत

क्याम्पसको संचालनको लागि निम्नलिखित स्रोतहरु परिचालन गरिनेछ ।

क) विद्यार्थीबाट शुल्क वापत प्राप्त रकम

ख) क्याम्पसको चल अचल सम्पत्तिबाट आर्जित रकम

ग) स्वदेशी एवम् विदेशी महानुभावहरुवाट प्राप्त दान र चन्दा रकम

घ) जनसहभागिताबाट प्राप्त श्रमदान

ङ) विश्व विद्यालय अनुदान आयोग, स्थानिय तह, प्रदेश सरकार, संघिय सरकार, संघ सस्था एवं विदेशी सरकारी तथा गैह्र सरकारी संघ संस्थाबाट प्राप्त परियोजना र अनुदान रकम

च) पुरस्कारबाट प्राप्त रकम

छ) विभिन्न जरिवाना वापत प्राप्त रकम

ज) अन्य आय

१.५) क्याम्पसको वार्षिक उत्सव

यस क्याम्पसको वार्षिक उत्सव कार्यक्रम क्याम्पस सञ्चालन भएको पहिलो दिन २०४४ कार्तिक २३ गतेका दिनलाई क्याम्पस स्थापना मितिको रुपमा मान्दै प्रत्येक वर्षको कार्तिक २३ गते मनाईने छ । विशेष अवस्था परी कार्तिक २३ गते वार्षिक उत्सव हुन नसकेमा क्याम्पस सञ्चालक समितिले तोकेको मितिमा हरेक वर्ष अनिवार्य रुपमा वार्षिक उत्सव एवं क्याम्पस अभिभावक भेला गरिने छ ।

## परिच्छेद-२

## क्याम्पस सभा

२.१) क्याम्पस सभा गठन

१. क्याम्पस संचालन नियमित र व्यवस्थित गर्न सर्वोच्च निकायको रुपमा १८ बर्ष उमेर पुगेका नेपाली नागरिकहरु रहने गरी देहायबमोजिमका सभासदहरु रहेको एक क्याम्पससभा गठन हुनेछ ।

क. संचालक समितिका पदाधिकारी तथा सल्लाहकार समितिका सदस्यहरु
ख. संस्थापकहरुमध्येबाट संचालक समितिले तोकेको ३ जना सदस्य
ग. स्व.वि.यु. बाट ५ जना पदाधिकारी सदस्य
घ. समाजसेवीहरुबाट संचालक समितिले तोकेको ३ जना सदस्य
ङ. पुर्व संचालक समितिबाट संचालक समितिले तोकेको ३ जना सदस्य
च. भु.पु. विद्यार्थी बाट संचालक समितिले तोकेको १ जना सदस्य
छ. चन्दादाताबाट संचालक समितिले तोकेको ३ जना सदस्य
ज. शिक्षाप्रेमी मध्येबाट संचालक समितिले तोकेको ३ जना सदस्य
झ. प्राध्यापकहरुबाट संचालक समितिले तोकेको १ जना सदस्य
ञ. सम्बन्धित वडा शु.न.पा. ५ का वडा कार्यसमिति जनप्रतिनिधी ५ जना
ट. नगर उद्योग बाणिज्य संघका पदाधिकारीहरु ५ जना
ठ. शु.न.पा.स्थित सम्पुर्ण मा.वि.का प्र.अ.हरु १७ जना
ड. पूर्व क्याम्पस प्रमुखहरु मध्येवाट संचालक समितिले तोकेको १ सदस्य
ढ. शिक्षा प्रेमी , सामाजिक रुपमा प्रतिष्ठित महिलाहरुबाट संचालक समितिले तोकेको ३ जना सदस्य
ण. शु.न.पा.का सम्पुर्ण वडाध्यक्षहरु १२ जना सदस्य
त. क्याम्पसबस्ती टोल र शान्तिनगर टोलका पदाधिकारीहरु ८ जना सदस्य
थ. अपाङ्ग व्यक्तिहरुबाट संचालक समितिले तोकेको २ जना सदस्य
द. छिमेकी पालिका भिमाद र म्याग्देसँग सिमाना जोडिएका वडाका अध्यक्षहरु ४ जना सदस्य
ध. अभिभावक मध्येवाट ३ जना महिला अभिभावक अनिवार्य हुने गरी छनौट भई आएका १० जना सदस्य ।
न . क्याम्पस प्रशासनमा दर्ता भएका विद्यार्थी संगठनका प्रतिनिधिहरु १/१ जना सदस्य
प. क्याम्पस सभासदहरुको पदावधी ३ बर्षको हुनेछ ।

२.२) क्याम्पस सभाको बैठक

क) क्याम्पस सभाको बैठक सामान्यतया वर्षमा एक पटक बस्नेछ । क्याम्पस सभाका पच्चीस प्रतिशत सभासदहरु वा सञ्चालक समितिका दुई तिहाई सदस्यहरुले क्याम्पस सभाको लिखित माग गरेमा तीस दिन भित्र अध्यक्षले क्याम्पस सभा बोलाउनुपर्नेछ ।

ख) क्याम्पस सभाका सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्नेछन तर अध्यक्षको विरुद्ध अविश्वासको प्रस्ताव उपर छलफल हुने सभाका सभापतित्व सञ्चालक समितिका उपाध्यक्षले गर्नेछ ।

ग) सञ्चालक समितिका सदस्य सचिवले क्याम्पस सभाको बैठकको लिखित सूचना कम्तिमा सात दिन अगाडी नै दिनुपर्नेछ ।

घ) क्याम्पस सभाको गणपूरक संख्या कुल सभासद संख्याको बहुमत संख्यालाई मानिनेछ । यदि पहिलो पटक गणपूरक संख्या नपुगी बैठक स्थगित भएमा पुनः सात दिन भित्रमा अर्को बैठक बोलाउनु पर्नेछ र दोस्रो पटकको २५ प्रतिशत उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । दोस्रो पटक पनि गणपुरक संख्या नपुगेमा तेस्रोपटक उपस्थित संख्यालाई नै गणपूरक संख्या मानि बैठक संचालन गरिने छ ।

ङ) क्याम्पस सभाको निर्णय स्पष्ट किटान व्यवस्था गरेको विषयमा भन्दा बाहेक सामान्यतः उपस्थित संख्याको बहुमतको आधारमा गरिनेछ।

२.३) क्याम्पस सभाको कामकर्तव्य र अधिकार

क) सञ्चालक समितिले गरेका कार्यप्रगति विवरण र आय-व्यय विवरण छलफल गरी अनुमोदन गर्ने ।

ख) क्याम्पसको आय-व्यय विवरण सुपरीवेक्षण गर्ने र वार्षिक बजेट पारित गर्ने ।

ग) क्याम्पसको नियमावली संशोधन गर्ने र क्याम्पससँग सम्बन्धित विविध प्रस्तावहरु उपर निर्णय गर्ने

घ) क्याम्पस सञ्चालक समिति गठन गर्ने ।

## परिच्छेद-३

## सञ्चालक समिति र अन्य समितिहरु

### ३.१) क्याम्पस सञ्चालक समिति गठन

३.१ क्याम्पस संचालनको पुर्ण जिम्मेवारी तथा कार्यकारी निकायको रुपमा काम गर्ने गरी देहायबमोजिमको एक संचालक समितिको गठन गरिनेछ । यसमा आमन्त्रित सदस्यहरु बाहेक पदाधिकारी र सदस्यहरु गरी तपसिल बमोजिमका कम्तिमा १७ जनासम्म रहनेछन् ।

क. क्याम्पस सभा सदस्यहरुबाट निर्वाचित १ जना अध्यक्ष

ख. क्याम्पस सभा सदस्यहरुबाट निर्वाचित ९ जना सदस्य

ग. स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधी १ जना सदस्य

घ. प्राध्यापक प्रतिनिधि १ जना सदस्य

ङ. क्याम्पस प्रमुख – सदस्यसचिव १ सदस्य

च. त्रि.वि.उपकुलपतिबाट मनोनित वि.वि.प्रतिनिधी १ जना सदस्य

छ. शिक्षाविद्, समाजसेवी, चन्दादाताहरु मध्येबाट १ जना महिला अनिवार्य हुनेगरी संचालक समितिले तोकेको ३ जना सदस्य

छ. आ.स.स्व.वि.यु. अध्यक्ष १ जना सदस्य

ज. आ.स. नगर उद्योग वाणिज्य संघ प्रतिनिधी १ जना सदस्य

### ३.२) अध्यक्ष र उपाध्यक्षको छनौट

क) क्याम्पस सभाद्वारा संस्थापक, चन्दादाता, शिक्षाप्रेमी र समाजसेवीहरु मध्ये बाट अध्यक्ष निर्वाचित गर्नेछ । अध्यक्ष छनौटको जानकारी त्रि.वि. लाई अनिवार्य रुपमा दिनुपर्नेछ ।

क.१- क्याम्पस अध्यक्ष हुनका लागि योग्यता :

क्याम्पस सभाको सदस्य रहेको कम्तीमा २५ वर्ष उमेर पुगेको नेपाली नागरीक हुनुपर्नेछ । प्रचलित कानुनले योग्य हुनुपर्नेछ ।

कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि सामाजिक सेवामा सक्रिय रहेको हुनुपर्नेछ ।

ख) क्याम्पस सञ्चालक समितिका सदस्यहरुले आफु मध्येबाट छनौट गरेका १ जना व्यक्ति क्याम्पस सञ्चालक समितिको उपाध्यक्ष हुनेछन् ।

३.३) सल्लाहकार सदस्य

सञ्चालक समितिलाई परामर्श र सहयोग दिन देहाय अनुसारका महानुभावहरु रहेको एक सल्लाहकार समिति रहनेछन् सो को बैठक वर्षमा १ पटक वस्नेछ ।

क) यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा र प्रदेश सभाका माननीय सदस्य पदेन २

सदस्य २

ख) जिल्ला समन्वय समितिका अध्यक्ष पदेन सदस्य

ग) शुक्लागण्डकी नगरपालिका नगर प्रमुख पदेन सदस्य

घ) प्रमुख जिल्ला अधिकारी पदेन सदस्य

ङ) उच्च शिक्षामा विशेष योगदान दिने लब्ध प्रतिष्ठित महानुभावहरु मध्येबाट क्याम्पस सञ्चालक समितिले समावेशी आधारमा बढीमा ३ जना सल्लाहकार सदस्य मनोनयन गर्नेछ ।

च) सल्लाहकार समितिको अध्यक्ष र सदस्य सचिवमा क्रमशः सञ्चालक समितिका अध्यक्ष र क्याम्पस प्रमुख रहनेछन् ।

३.४) कार्य सम्पादन समिति

३.४.१. कुनै कारणवस सञ्चालक समितिको बैठक बस्न नसकेको अवस्थामा कार्य गर्न सञ्चालक समितिले तोकेबमोजिम कार्य सम्पादन गर्न सञ्चालक समितिले देहाय अनुसार सात सदस्यीय कार्य सम्पादन समिति गठन गर्न सक्ने छ ।

क) सञ्चालक समितिका अध्यक्ष पदेन अध्यक्ष

ख) सञ्चालक समितिका उपाध्यक्ष पदेन उपाध्यक्ष

ग) सञ्चालक समितिले आफूमध्ये बाट तोकेको व्यक्ति सदस्य

घ) क्याम्पस प्रमुख पदेन सदस्य सचिव

जम्मा ७

३.४.२. कार्यसम्पादन समितिले गरेका निर्णयहरु सञ्चालक समितिमा अनुमोदन गराउनु पर्नेछ । क्याम्पस सञ्चालक समितिको बस्ने पहिलो वैठकबाट अनुमोदन नभएमा स्वत निस्कृय हुने छ ।

३.५) सञ्चालक समितिको पदावधि

क) सञ्चालक समितिका पदाधिकारी र सदस्यहरुको पदावधि साधारणतया ३ वर्षको हुनेछ, कुनै कारणले सञ्चालक समिति गठन हुन नसके क्याम्पस सभाले बढीमा १ वर्षको कार्यकाल थप्न सक्नेछ ।

ख) कुनै कारणले अध्यक्ष लगायत पदाधिकारी एवम् सदस्यहरुको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सञ्चालक समितिले सभासद मध्येबाट छनौट गर्ने छ ।

३.६) सञ्चालक समितिको वैठक र निर्णय प्रक्रिया

क) सञ्चालक समितिको बैठक साधारणतया कम्तीमा वर्षको ६ पटक बस्नेछ तर बैठक समाप्त भएर दोश्रो बैठक शुरु भएको अवधि ३ महिना भन्दा बढी हुनेछैन । क्याम्पस सञ्चालक समितिको बैठक क्याम्पस सञ्चालक समितिले तोक्नेछ ।

ख) सञ्चालक समितिको बैठकको गणपूरक संख्या ५१% हुनेछ ।

ग) सञ्चालक समितिको निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतद्धारा गरिनेछ ।

घ) अध्यक्षको अनुमति लिएर सदस्य-सचिवले बैठक बोलाउनेछन् ।

ङ ) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षद्वारा हुनेछ

च) अध्यक्षको अनुपस्थितिमा उपस्थित मध्येबाट उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

छ) क्याम्पस सञ्चालक समितिका बहुमत सदस्यले विशेष परिस्थिति जनाई सञ्चालक समितिको बैठक बोलाउनु सक्नेछन् ।

## ३.७) सञ्चालक समितिको काम कर्तव्य र अधिकार

सञ्चालक समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) क्याम्पस प्रमुखको नियुक्ति गर्ने ।

ख) क्याम्पसको वार्षिक कार्यक्रम र बजेटमाथि छलफल गरी आवश्यक परेमा संशोधन सहित स्वीकृत गर्ने ।

ग) लेखा परीक्षक नियुक्ती गरी क्याम्पसको वार्षिक आय-व्ययको लेखापरीक्षण गराई प्राप्त प्रतिवेदनको मुल्याङ्कन गरी अनुमोदन गर्ने ।

घ) आवश्यकता अनुसार निर्माण समिति र अन्य उपसमिति वा आयोग गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार तोक्ने ।

ङ) प्राध्यापक र कर्मचारीको दरवन्दी सिर्जना गर्ने र प्राध्यापकको पाठ्यभार तोक्ने ।

च) क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुप्रति अनुशासनात्मक कारवाही गर्ने ।

छ) क्याम्पसका लागि आवश्यक चन्दा, अनुदान, दानदातव्य, सहयोग आदि भौतिक स्रोत जुटाउने र जनसहयोग परिचालन गर्ने ।

ज) क्याम्पस सुव्यवस्थित सञ्चालनका लागि नीति, नियम बनाउने र निर्देशन दिने ।

झ) प्राध्यापक तथा कर्मचारी छनौट समितिको सिफारिसमा प्राध्यापक तथा कर्मचारीको छनौट गर्ने ।

ञ) क्याम्पसका समस्याहरु समाधान गर्ने र परिआएका अन्य काम गर्ने ।

## ३.८) क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरुको पद रिक्त हुने अवस्था

क) लिखित राजिनामा स्वीकृत भएमा ।

ख) मानसिक सन्तुलन ठिक नभएको प्रमाणित भएमा ।

ग) मृत्यु भएमा ।

घ) विना सूचना लगातार तीन पटकसम्मकै बैठकमा अनुपस्थित रहेमा ।

ङ) पदावधि समाप्त भएमा ।

च) क्याम्पसको हित विपरीत काम गरेको प्रमाणित भई सञ्चालक समितिको बैठकको बहुमतबाट हटाईएमा । तर निजलाई यसरी हटाउनु पर्दा आफ्नो सफाईको सबुत पेश कर्न कम्तीमा १५ दिनको म्याद दिनुपर्नेछ ।

छ) अध्यक्ष र विश्वविद्यालय प्रतिनिधिका हकमा त्रि.वि. द्वारा तोकिएको अवस्था तथा प्रक्रियाद्धारा पद रिक्त हुनेछ ।

ज) पदेन तथा आमन्त्रित सदस्यका हकमा निज सम्बन्धित पदमा नरहेमा ।

परिच्छेद-४

**क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम प्रमुख र शिक्षण समिति**

४.१) क्याम्पस प्रमुख

क) सञ्चालक समितिबाट न्यूनतम शैक्षिक योगयता पुगेका र शैक्षिक नेतृत्व बहन गर्न सक्ने क्षमतायुक्त व्यक्तिलाई क्याम्पस प्रमुखमा नियुक्ति गरिनेछ ।

ख) क्याम्पस प्रमुखको पदावधि साधारणतः ४ वर्षको हुनेछ ।

ग) क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :-

१) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको सम्पूर्ण जिम्मेवारी लिई क्याम्पस सञ्चालन गर्ने ।

२) आवश्यक प्राध्यापक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्न सञ्चालक समितिमा पेश गर्ने ।

३) विद्यार्थी भर्नाका लागि नीति नियम बनाई लागू गर्ने ।

४) विद्यार्थीलाई अनुशासनात्मक कारवाही गर्ने तर क्याम्पसबाट निष्काशन गर्नुपर्दा सञ्चालक समितिको बैठकमा पेश गरी निर्णय भए बमोजिम गर्ने ।

५) अनुशासनहीन रेकर्ड भएको वा हुन सक्ने विद्यार्थीलाई भर्ना हुनबाट रोक्ने ।

६) आन्तरिक वा वाह्य परीक्षाहरु सञ्चालन गर्ने र परीक्षाका रेकर्डहरु व्यवस्थित रुपले राख्न लगाउने ।

७) क्याम्पस सञ्चालनका लागि अनुमानित बजेट तयार गरी श्रवण मसान्तभित्र अनिवार्य रुपले पेश गर्ने । आवश्यकता परेमा पूरक बजेट पेश गर्न सकिनेछ ।

८) क्याम्पस स्थापना भएको दिनलाई वार्षिकोत्सवको रुपमा मनाउन अभिभावक भेला गराउने र त्यस भेलामा क्याम्पसको वार्षिक प्रतिवेदन पेश गर्ने ।

९) क्याम्पसको लागी आवश्यक पर्ने सरसामानको खरिद गर्ने, काम नलाग्ने वस्तु लिलाम गर्ने र ठेक्कापट्टाको व्यवस्था गर्ने ।

१०) क्याम्पसको लेखा दुरुस्त राख्न लगाउने, सम्पत्तिको सुरक्षा र सदुपयोग गर्ने ।

११) प्राध्यापक तथा कर्मचारीहरुको कामको बाँडफाँड गर्ने र आवश्यक परेमा स्पष्टीकरण माग गर्ने ।

१२) सञ्चालक समितिबाट स्वीकृत भएको दरबन्दी अनुसार आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीहरुको स्थायी/पूर्णकालीन अस्थायी/करार/आशिक प्राध्यापक छनौट समितिको निर्णयानुसार विज्ञापन, लिखित/अन्तर्वार्ता आदि आवश्यक प्रक्रिया पूरा गरी सञ्चालक समितिमा पेश गर्ने ।

१३) प्राध्यापक तथा कर्मचारीहरुलाई अनुशासन सम्बन्धी कारबाही गरी निलम्बन वा निष्काशन गर्नुपर्दा कारणसहित सञ्चालक समितिमा पेश गरी स्वीकृत भई आए वमोजिम गर्ने ।

१४) प्राध्यापक तथा कर्मचारीलाई विदा दिने र विदाको रेकर्ड राख्न लगाउने ।

१५) प्राध्यापक तथा कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

१६) राम्रो काम गर्ने शिक्षक कर्मचारीलाई ग्रेड थप वा पुरस्कृत गर्न सञ्चालक समितिलाई कारण सहित सिफारिस गर्ने ।

१७) अध्यक्षको अनुमति लिएर सञ्चालक समितिको बैठक तथा अभिभावक भेला गराउने ।

१८) आफ्नो अनुपस्थितिमा सहायक क्याम्पस प्रमुख नरहेको अवस्थामा क्याम्पसमा नियमित कार्य रोकिन नदिन निमित्त भई काम गर्ने प्राध्यापक तोक्ने ।

१९) अवाञ्छित व्यक्तिलाई क्याम्पस हाताभित्र प्रवेश गर्न रोक लगाउने ।

२०) क्याम्पसमा असाधारण स्थिति आइपरेमा त्यस्तो परिस्थिति सम्हाल्न स्टाफ बैठकको निर्णयानुसार बढीमा ७ दिनसम्म क्याम्पस बन्द गर्ने र सोभन्दा बढी बन्द गर्नुपरेमा सञ्चालक समितिको बैठकमा पेश गरी निर्णय भए बमोजिम गर्ने ।

२१) क्याम्पसको काम कारवाही, सुव्यवस्था र सुसञ्चालनको लागि आवश्यक सम्पूर्ण कार्य गर्ने ।

२२) क्याम्पसमा नियमित पठनपाठन सञ्चालन तथा स्थगन गर्ने ।
२३) क्याम्पसमा प्राध्यापक तथा विद्यार्थीहरुका लागि बढिमा ४० दिन हिंउदे, वर्षे तथा स्थानीय विदा अध्ययन अध्यापनमा प्रतिकूल प्रभाव नपर्ने गरी स्टाफ मिटिङ्गबाट पास गरी विदा गर्ने ।

४.२) सहायक क्याम्पस प्रमुख

क) क्याम्पस अध्यापनरत यथासम्भव स्थायी र अनुभवी प्राध्यापकहरुमध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिबाट एकजना सहायक क्याम्पस प्रमुख नियुक्ति गरिनेछ ।
ख) सहायक क्याम्पस प्रमुखको पदावधि सामान्यत: ३ वर्षको हुनेछ ।
ग) सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार
१) सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुखप्रति पूर्णरुपमा उत्तरदायी हुनेछन् ।
२) क्याम्पस प्रमुखको अनुपस्थितिमा निमित्त प्रमुख भई काम गर्ने ।
३) क्याम्पस प्रमुखलाई आवश्यक सरसल्लाह दिने र सहयोग पुर्‍याउने ।
४) क्याम्पस सञ्चालनको लागि सहायक क्याम्पस प्रमुखले तोके बमोजिमका अन्य सबै काम गर्ने ।

४.३) कार्यक्रम प्रमुख

क) विभिन्न सङ्काय र कार्यक्रम सञ्चालनका लागि प्रत्येक कार्यक्रम र सङ्कायअन्तर्गत आवश्यकता अनुसार क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिबाट कार्यक्रम प्रमुखको नियुक्ति गरिनेछ ।
ख) कार्यक्रम प्रमुखको पदावधि ३ वर्षको हुनेछ ।
ग) निजको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।
१) शैक्षिक गुणस्तर वृद्धि गर्न प्रयत्नशील रहने ।
२) आफ्नो जिम्माको कार्यक्रम सुव्यवस्थित रुपमा सञ्चालन गर्ने ।
३) क्याम्पस प्रमुखलाई आवश्यक सरसल्लाह दिने र सहयोग पुर्‍याउने ।
४) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

४.४) शिक्षण समिति

क) क्याम्पसमा अध्ययन अध्यापन हुने कम्तीमा ५ जना प्राध्यापक कार्यरत रहेका प्रत्येक विषयका निम्ति क्याम्पस प्रमुखले विषयगत शिक्षण समितिको गठन गर्नेछन् । तर कुनै विषयमा ५ जनाभन्दा कम विषयमा प्राध्यापक भएमा ती विषयहरुका लागि संयुक्त शिक्षण समिति रहन सक्नेछन् ।
ख) क्याम्पस प्रमुखले सहायक क्याम्पस प्रमुख कार्यक्रम प्रमुखसँग आवश्यक सल्लाह लिई विषयगत तथा संयुक्त शिक्षक समितिको लागि एक अध्यक्षको नियुक्ति गर्नेछन् ।
ग) शिक्षण समितिको अध्यक्षको नियुक्ति गर्दा वरिष्ठ प्राध्यापकहरुमध्येबाट गरिनेछ । शिक्षण समिति सम्बन्धित विषयका सबै प्राध्यापक सदस्य हुनेछन् ।
घ) शिक्षण समितिको अध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।
ङ) शिक्षण समितिको बैठक कम्तीमा दुई महिनाको एकपटक हुनेछ ।
च) शिक्षण समितिका अध्यक्षले समितिको राय लिई सम्बन्धित विषयको अध्यापन र अनुसन्धान कार्य सञ्चालन गर्ने, पाठ्यभार विभाजन गर्ने, कक्षा प्रगति विवरण सङ्कलन गरी क्याम्पस प्रमुखलाई जानकारी गराउने र शैक्षिकस्तर वृद्धिका लागि आवश्यक कार्य गर्ने तथा सुझाव पेश गर्नेछन् ।

४.५) प्राध्यापक र कर्मचारीको नियुक्ति

क) कुनै पनि प्राध्यापक वा कर्मचारीको स्थायी अस्थायी पूर्णकालीन करार आशिक प्राध्यापक नियुक्ति गर्दा दरवन्दीका आधारमा विज्ञापन गरी खुल्ला प्रतियोगिताद्धारा लिखित परीक्षा वा अन्तर्वार्ता वा अन्य विधिको वा सबैको आधारमा छनौट गरिनेछ ।

ख) प्राध्यापक तथा कर्मचारी छनौट समितिको गठन सञ्चालक समितिले देहाय बमोजिम गर्नेछ ।

१) सञ्चालक समितिले तोकेको सञ्चालक समिति सदस्य १ जना अध्यक्ष ।

२) सञ्चालक समितिले विशेषज्ञको रुपमा तोकेको वा सम्बन्धित शिक्षणसमितिको अध्यक्ष एक जना सदस्य ।

३) सञ्चालक समितिका प्रतिनिधि २ जना सदस्य ।

४) क्याम्पस प्रमुख सदस्य सचिव ।

छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन भएपछि नियुक्ति दिइनेछ ।

ग) क्याम्पसमा पहिलेदेखि नै २ वर्षभन्दा बढी अस्थायी करार/पूर्णकालीन आशिक सेवाभा कार्यरत प्राध्यापक वा कर्मचारीहरुलाई सञ्चालक समितिले उपयुक्त ठहर्याएको प्रक्रियाबाट स्थायी नियुक्ति गर्न सकिनेछ ।

घ) स्थायी नियुक्ति दिँदा एक वर्षको परीक्षणकालमा रहने गरी दिइनेछ । निजको कार्य सम्पादन सन्तोषजनक देखिएमा एकवर्ष पुगेपछि परीक्षणकाल हटाइनेछ । सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिबाट निजको नियुक्ति रद्द गरिनेछ । तर क्याम्पसमा पहिले नै एकवर्षभन्दा बढी समय अस्थायी/करार/पूर्णकालीन/आंशिक सेवामा रहेका प्राध्यापक कर्मचारीलाई परीक्षणकालमा राखिनेछैन् ।

ङ) क्याम्पस सञ्चालक समितिले तोकेको पाठ्यभारभन्दा कम पाठ्यभार अध्यापन गर्ने
प्राध्यापकलाई सञ्चालक समितिले तोकेको पिरियड अनुसार पूर्णकालीन प्राध्यापकका रुपमा नियुक्ति गर्न सक्नेछ । यस्ता प्राध्यापकहरुले पाउने तलव, भक्ता, ग्रेड, दशैंखर्च सञ्चालक समितिले तोकेको पूरा पाठ्यभार अध्यापन गर्ने प्राध्यापकको सुरु स्केललाई आधार मानी अध्यापन गरेको पिरियड अनुसार हुनेछ ।

**४.६) क्याम्पसमा देहाय बमोजिमको पदहरु कायम गरिएको छ ।**

**प्राध्यापक तर्फ**

१) उप-प्रशिक्षक
२) प्रशिक्षक
३) सहायक प्राध्यापक शिक्षण सहायक
४) उप-प्राध्यापक
५) सह-प्राध्यापक
६) प्राध्यापक

**कर्मचारी तर्फ**

१) पियन/चौकिदार
२) हेड पियन
३) बुकरिडर/मुखिया
४) सहायक चौथो/खरिदार वा लाइब्रेरियन/स्टोर किपर
५) हेड असिष्टेन्ट/कार्यालय सहायक/लेखापाल
६) लेखा अधिकृत/सहायक प्रशासक

**४.७) परिक्त हुने अवस्था**

क्याम्पसका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरुको देहायको अवस्थामा पदरिक्त हुनेछ ।

क) लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

ख) देहान्त भएमा ।

ग) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र शिक्षण समितिका अध्यक्षको हकमा निजहरुको तोकिएको पदावधि समाप्त भएमा । यस्तो अवस्थामा शैक्षिक पद भने कायम रहनेछ ।

घ) मानसिक सन्तुलन ठिक नभएको प्रमाणित भएमा ।

ङ) नैतिक पतन देखिने गम्भीर प्रकृत्तिको फौजदारी अभियोगमा सजाय पाएमा ।

च) क्याम्पसमा कार्यरत पदाधिकारीहरुको काम, सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखलाई क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले र शिक्षण समितिको अध्यक्षलाई क्याम्पस प्रमुखले हटाउन सक्नेछन् तर निजको शिक्षण पद यथावत रहनेछ ।

छ) क्याम्पस कार्यरत स्थायी अस्थायी/करार पूर्णकालीन आशिक प्राध्यापकहरुका सम्बन्धमा निजको विषयको पाठ्यभार क्याम्पसमा नभएका निजलाई अवकास दिन सकिनेछ तर पछि निजको पाठ्यभार क्याम्पसमा उपलब्ध भएमा निजलाई सोही पदमा नियुक्तिका लागि प्राथमिकता दिइनेछ ।

ज) क्याम्पसमा कार्यरत कर्मचारीको काम सन्तोषजनक नठानेमा सञ्चालक समितिले निजलाई हटाउन सक्नेछ ।

झ) सार्वजनिक सुरक्षा अन्तर्गत थुनामा रहेमा निजलाई सो अवधिभरका लागि निलम्वित भएको मानिनेछ । थुनाबाट मुक्त भएपछि निज आफ्नो पदमा वहाल रहनेछ । निलम्बित अवधिको तलव भत्ता पाइने छैन तर सेवा भने गणना हुनेछ ।

ञ) विना सुचना १५ दिन भन्दा बढी समय लगातार गयल भएमा सञ्चालक समितिले पदवाट हटाउन सक्नेछ ।

<u>४.८) सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था</u>

क्याम्पसमा कार्यरत पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरुको सेवा, शर्त र सुविधा व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) तलवभत्ता, भ्रमणभत्ता, पारिश्रमिक आदिका सम्बन्धमा त्रि.वि.ले निर्धारण गरेको प्रचलित स्केललाई ध्यानमा राखी क्याम्पसको आर्थिक स्थिति अनुसार सञ्चालक समितिले निर्धारण गरे अनुसार हुनेछ ।

ख) प्रत्येक महिना भुक्तान भएपछि मासिक रुपमा तलबभत्ता प्रदान गरिनेछ ।

ग) क्याम्पसका स्थायी, अस्थायी, पूर्णकालींन र करारमा पदाधिकारी प्राध्यापक तथा कर्मचारीहरुले सञ्चालक समितिले तोके अनुसार एक वर्षको सेवा पूरा गरेपछि प्रत्येक वर्ष एक ग्रेड वृद्धि पाउने छन् ।

घ) सञ्चयकोषको सम्बन्धी व्यवस्था

१) क्याम्पसमा पूरा समय काम गर्ने पदाधिकारी, प्राध्यापक तथा कर्मचारीले स्थायी भएका मितिदेखि नै मासिक तलबबाट १०% का दरले रकम कट्टा गरी बढीमा त्यति नै रकमसम्म क्याम्पसले थप गरी सञ्चयकोष खडा गरिनेछ ।

२) माथि उपदफा (१) बमोजिम जम्मा भएको रकम निजको पायक पर्ने वैङ्कमा जम्मागरिनेछ ।

३) उपदफा (क) र (ख) बमोजिम जम्मा भएको रकम र त्यसको व्याज समेत सम्बन्धित व्यक्तिले सेवाबाट अवकाश लिँदा एकमुष्ठ फिर्ता पाउनेछन् ।

ङ) क्याम्पसमा ६ महिनाभन्दा बढी अवधि स्थायी अस्थायी/करार/पिरियड अनुसारका पूर्णकालीन सेवा गरेमा प्राध्यापक तथा कर्मचारीहरुलाई निजले खाइपाई आएको एक महिनाको तलव बराबरको रकम प्रत्येक वर्ष दशैंखर्चको रुपमा दिइनेछ ।

च) प्रत्येक स्थायी अस्थायी/करार/पिरियड अनुसारका पूर्णकालीन सेवा गरेमा प्राध्यापक तथा कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि वर्षको तोकिएको दर मा १ ग्रेड वृद्धि पाउनेछन् ।

छ) सामान्यतः क्याम्पसमा कार्यरत पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरुको सेवा, शर्त रसुविधा सम्बन्धमा मर्का नपर्ने कुरामा ध्यान दिइनेछ ।

ज) सञ्चयकोष कट्टी हुन थालेको तीन वर्ष पुगेपछि सम्बन्धित प्राध्यापक कर्मचारीले कूल सञ्चयको ७५ प्रतिसतसम्म आफूले पाउने व्याज भन्दा १ प्रतिशत बढी व्याज तिर्ने गरी सापटी लिन सक्नेछन् ।

झ) कुनै प्राध्यापक/कर्मचारीको सेवाकालमानै देहान्त भएमा निजका हकवालाले सञ्चयकोषको सावाँ र व्याज प्रचलित उत्तराधिकारी वा अंशवण्डा सम्बन्धी ऐन अनुसार एकमुष्ठ पाउने छन् ।

४.९) उपदान सम्बन्धी व्यवस्था

पाँच वर्ष वा सोभन्दा बढी क्याम्पसमा स्थायी सेवा गरेका प्राध्यापक वा कर्मचारीले अवकाश पाएमा वा हटाइएमा वा राजिनामा स्वीकृत गराई सेवाबाट अलग भएमा देहाय बमोजिमका दरले उपदान पाउन सक्ने छन् ।

क) ५ वर्षदेखि १० वर्षसम्म क्याम्पस सेवामा रहेका शिक्षक वा कर्मचारीले क्याम्पस सेवामा आफू रहेको प्रत्येक वर्षको नियमित खाइपाई आएको आखिरी तलवको १/४ महिनाको तलव

ख) १० वर्षभन्दा बढी १५ वर्षसम्म सेवामा रहेका शिक्षक वा कर्मचारीले क्याम्पस सेवामा आफु रहेको प्रत्येक वर्षका निमित्त खाइपाई आएको आखिरी तलबको दरले १/३ महिनाको तलब ।

ग) १५ वर्षभन्दा बढी क्याम्पस सेवामा रहेका प्राध्यापक तथा कर्मचारीले सेवामा आफू रहेको प्रत्येक वर्षका निमित्त खाईपाई आएको आखिरी तलबको १/२ महिनाको तलब ।

घ) कुनै प्राध्यापक वा कर्मचारीको सेवा कालमा नै देहान्त भएमा निजका हकवालाले प्राध्यापक वा कर्मचारीहरुले पाउने उपदान रकममा १० प्रतिसत थप गरी प्रचलित उत्तराधिकारी वा अंशवण्डा सम्बन्धी ऐन अनुसार एकमुष्ट पाउनेछन् ।

ङ) कुनै प्राध्यापक वा आशिक शिक्षक वा कर्मचारी क्याम्पसको कामका लागि काजमा गएको अवस्थामा मृत्यु भएमा निजको हकवालालाई २०,०००।-
(अक्षरेपी बीस हजार) एकमुष्ट पारिवारिक उपदान दिइनेछ । यस सम्बन्धी निर्णय सञ्चालक समितिले गर्नेछ

४.१०) विदा सम्बन्धी व्यवस्था

१) क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई देहाय बमोजिमको विदाको सुविधा प्रदान गर्न सकिनेछ ।

क) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख कार्यक्रम प्रमुखले वर्षको ३० दिन पुरा तलवी विदा लिई बाँकी रहेको विदाको तलव स्केल आधारमा आर्थिक वर्षको अन्त्यमा एकमुष्ट रकम उपलब्ध गराइनेछ ।

ख) प्राध्यापकहरुले वर्षको ५ दिन भैपरिआउने विदा, वर्षको ६ दिन पर्व विदा र वर्षको १५ दिन बिरामी विदा पाउनेछन् । विरामी विदा सञ्चित राखेमा तलब स्केलको आधारमा एकमुष्ट रकम उपलब्ध गराइनेछ । प्राध्यापकहरुले हिउँदे र वर्षे विदा गरी क्याम्पसले तोकेको समयमा पूरा तलवी ४० दिन विदा पाउनेछन् । तर एक वर्ष सेवा अवधि नपुगे का प्राध्यापकहरुले १० महिनाको ४० दिन विदा अनुसार सेवा अवधिका आधारमा हिउँदे तथा वर्षे तलबी विदा पाउनेछन् ।

ग) क्याम्पसका कर्मचारीले वर्षभरिमा भैपरिआउने विदा १५ दिन, पर्व विदा ६ दिन, बिरामी विदा १५ दिन र घर विदा ३० दिन पाउनेछन् । घर विदा र विरामी विदा सञ्चित राखेमा तलब स्केलको आधारमा एकमुष्ट रकम उपलब्ध गराइनेछ । तर घर विदा १२० दिन र विरामी विदा १५० दिनभन्दा बढी सञ्चित गर्न पाइने छैन तर कुनै कर्मचारीलाई १ १/२ महिनाको तलव स्केल आर्थिक वर्षको अन्त्यमा एकमुष्ट उपलब्ध गराइने गरी घर विदा, भैपरिआउने विदा र पर्व विदा लिन नपाउने गरी कानमा लगाउन सकिनेछ ।

घ) किरिया विदा: क्याम्पसका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीका केही व्यक्तिको देहान्त भई आफैं क्रिया बस्नुपर्ने भएमा कूल धर्म हेरी बढीमा १५ दिन पूरा तलबी किरियाविदा पाउनेछन् ।

ङ) सुत्केरी विदा: कार्यरत महिला पदाधिकारी, शिक्षक तथा कर्मचारी गर्भवती भएमा वा सुत्केरीको अघिपछि गरी ३० दिन पूरा तलबी विदा सुत्केरी विदा पाउनेछन् तर सुत्केरी विदाको सुविधा पहिलो र दोस्रो सन्तान भएसम्म मात्र दिइनेछ ।

च) अध्ययन विदा: क्याम्पसमा कार्यरत कुनै प्राध्यापक तथा कर्मचारीले कम्तिमा ७ वर्षसम्म अविच्छिन्न स्थायी सेवा गरेपछी क्याम्पसलाई आवश्यक पर्ने विषयको अध्ययन गर्न जानुपरेमा बढीमा ३ वर्षसम्म वेतलबी विदा दिन सकिनेछ तर क्याम्पसकै तर्फबाट कुनै तालिम वा अध्ययनमा पठाइएको भए पूरा तलब दिइनेछ ।

छ) बेतलबी विदा: कुनै प्राध्यापक वा कर्मचारीले वर्षको २० दिन विशेष परिस्थितिमा बेतलबी विदा दिन सकिनेछ । यस्तो विदा सञ्चित हुनेछैन ।

४.११) विदा स्वीकृत गर्ने अधिकार

१) क्याम्पसका प्राध्यापक तथा कर्मचारीको विदा क्याम्पस प्रमुखले स्वीकृत गर्नेछन् । विदा पूर्व स्वीकृत गरेर मात्र बस्नुपर्नेछ । विशेष परिस्थिति सिर्जना भई जानकारी दिन सम्भव नभएको महसुस भएमा मात्र त्यस्तो विदापछि स्वीकृत गर्न सकिनेछ । लगातार ७ (सात) दिनभन्दा बढी समय विरामी विदामा बस्नुपरेमा स्वीकृत चिकित्सकको प्रमाण-पत्र आवश्यक पर्नेछ ।

२) विदा स्वीकृत नगराई गयल हुने प्राध्यापक तथा कर्मचारीको गयल कट्टी गरिनेछ

३) क्याम्पस प्रमुखको पर्व विदा, भैपरि विदा र ३ दिनसम्मको विरामी विदा आफैं स्वीकृत ग बस्न सक्नेछन् । सोभन्दा बढी समयको विरामी विदा आफै स्वीकृत गरी बस्न सक्नेछन् । सोभन्दा बढी समयको विरामी विदा र घरविदा बस्नुपरेमा सञ्चालक समितिको अध्यक्षबाट विदा स्वीकृत गराउनुपर्नेछ ।

४) कुनै पदाधिकारी, प्राध्यापक वा कर्मचारी लगातार १५ दिनभन्दा बढी समय विदामा बस्नु परेमा सञ्चालक समितिको पूर्व स्वीकृती लिनुपर्नेछ ।

५) बिदा अधिकारको रुपमा मानिने छैन । क्याम्पसको काममा बाधा नपर्ने गरी दिइने सुविधा मात्र मानिनेछ ।

४.१२) बढुवासम्बन्धी व्यवस्था

क) कुनै प्राध्यापकले लगातार तीनवर्षसम्म शिक्षण सहायक वा सहायक प्राध्यापक पदमा स्थायी नियुक्ति लिई काम गरेको भएमा निजलाई उप-प्राध्यापक पदमा बढुवा गर्न सकिनेछ ।

ख) उप-प्राध्यापक पदमा स्थायी नियुक्ति लिई लगातार ७ वर्षसम्म अध्यापन गरेको भएमा सह-प्राध्यापक पदमा पदोन्नतिको लागि न्यूनतम योग्यता पुगेको मानिनेछ ।

ग) कुनै प्राध्यापकले स्थायी सह-प्राध्यापक पदमा रही कम्तीमा १० वर्षसम्म सेवा गरेको वा स्थायी रुपमा कम्तीमा १५ वर्ष अध्यापन सेवा गरेको विभिन्न अनुसन्धनात्मक कृति प्रकाशित गरेको वा पी.एच.डी. डिग्री समेत प्राप्त गरेको भएमा प्राध्यापक पदमा नियुक्ति वा बढुवा गर्न सकिनेछ ।

घ) पियन पदमा काम गर्ने कर्मचारीबाहेक पददेखि कार्यालय सहायक लेखापाल पदसम्म बढुवा हुनको लागि त्यस्तो कर्मचारीले स्थायी नियुक्ति लिई कम्तीमा ५ वर्ष अविछिन्न सेवा गरेको भए निजलाई एक तह माथिल्लो पदमा बढुवा गर्न सकिनेछ । तर बढुवा गर्नुपर्ने पदका लागि चाहिने शैक्षिक योग्यता पुगिसकेको रहेछ भने तीन वर्षको स्थायी सेवा गरेको भएपनि बढुवा गर्न सकिनेछ ।

ङ) कुनै कर्मचारीले कार्यालय सहायक वा लेखापाल सरहको पदमा रही कम्तीमा ७ वर्षसम्म र माथिल्लो पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको रहेछ भने कम्तीमा ४ वर्ष अविछिन्न रुपमा स्थायी सेवा गरेको भएमा निजलाई प्रशासकीय अधिकृत वा लेखा अधिकृत सरहको पदमा बढुवा गर्न सकिनेछ ।

च) बढुवा सम्बन्धी व्यवस्थाको सन्दर्भमा क्याम्पसको आर्थिक अवस्थालाई ध्यानमा राखी सञ्चालक समितिको बैठकद्धारा बढुवा गरिने दरबन्दी निर्धारण गरी दफा ४ उपदफा ५ (ख) को उपदफा (ख) बमोजिमको छनौट समितिको सिफारिसमा सञ्चालक समितिले सम्बन्धित पदमा प्राध्यापक वा कर्मचारीलाई बढुवा गर्नेछ बढुवाका लागि सेवाको जेष्ठता र शैक्षिक योग्यता सम्बन्धी आधार सञ्चालक समितिले तोक्नेछ ।

छ) पियन वा चौकिदार पदमा १० वर्षसम्म स्थायी सेवा गरेको कर्मचारीलाई सञ्चालक समितिले हेड पियनमा बढुवा गर्न सक्नेछ ।

ज) यस दफा बमोजिमको बढुवा सिफारिसमा चित्त नबुझ्ने कर्मचारीले छनौट समितिले निर्णय गरी सूचना प्रकाशन गरेको १० दिन भित्र सञ्चालक समिति समक्ष लिखित उजुरी गर्नुपर्नेछ । सञ्चालक समितिले छनौट समितिको बढुवा आधार र उजुरी समेतलाई ध्यानमा दिई अन्तिम निर्णय गर्नेछ ।

४.१३) प्राध्यापक, आशिक शिक्षक र कर्मचारीहरुले पलिन गर्नुपर्ने आचारसंहिता र सजाय

क्याम्पसमा कार्यरत प्राध्यापक, आशिक शिक्षक र कर्मचारीहरुले देहाय बमोजिम आचारसहिता पालना गर्नुपर्नेछ ।

क) क्याम्पसले तोकेको समयमा उपस्थित रही आफ्नो पद अनुसारको दायित्व पूरा गर्नुपर्नेछ ।

ख) क्याम्पस प्रमुखको अनुमतीवेगर क्याम्पसको गोप्यता भङ्ग गर्न वा सुचना प्रवाहित गराउन पाइने छैन ।

ग) क्याम्पस भित्र वा बाहिर आफ्नो प्रतिष्ठा कायम रहनेगरी आफ्नो व्यक्तिगत नैतिकता शुद्ध राखी पद अनुसारको आचरण गर्नुपर्नेछ ।

घ) आफूभन्दा माथिका पदाधिकारी, प्राध्यापक र कर्मचारीप्रति उचित आदरभाव देखाउनुपर्दछ । आफूभन्दा मुनिकालाई उचित व्यवहार गर्नुपर्नेछ ।

ङ) क्याम्पसमा तालबन्दी, घेराउ, शारीरिक वा मानसिक दवाव सिर्जना गर्न वा गर्न लगाउन हुँदैन ।

च) क्याम्पसलाई हानी नोक्सानी हुने गरी अनुचित नियत राखी भ्रष्टाचार गर्न वा अख्तियार को दुरुपयोग गर्नु हुदैन ।

छ) क्याम्पसको हित विपरीतको कार्य गर्न गराउनु हुँदैन।

ज) माथि उल्लिखित आधारसहिताको उल्लङ्घन गर्ने प्राध्यापक कर्मचारीलाई क्याम्पस प्रमुखले मौखिक चेतावनी वा लिखित नसिहत दिन सक्नेछन् । त्यसवाट पनि आफ्नो आचरण नसुधारेमा क्याम्पस प्रमुखको उचित छानबिन सहितको सिफारिसमा सञ्चालक समितिले ग्रेड रोक्का गर्ने हानी नोक्सानी भएको भए क्षतिपुर्ति गराउने तथा सेवाबाट हटाउने समेत सजाय गर्न सक्नेछ ।

झ) उक्त उपदफा (ज) बमोजिम सेवाबाट हटाउनु पर्दा त्यसबाट पहिलो आरोप किटान गरी हटाउनु पर्ने कारण समेत खुलाई सम्बन्धित प्राध्यापक तथा कर्मचारीलाई आफ्नो सफाईको सवुत पेश गर्न कम्तिमा १५ दिनको म्यादसहित लिखित स्पष्टीकरण मान्नु पर्ने छ सो स्पष्टीकरण उचित नदेखिएमा सञ्चालक समितिको बहुमतबाट निजलाई सेवाबाट हटाउन सकिनेछ ।

४.१४) विद्यार्थीहरुको आधारसहिता र सजाय

क्याम्पसमा अध्ययनरत विद्यार्थीले देहाय बमोजिमा आचारसहिता पालना गर्नुपर्ने छ ।

क) विद्यार्थीहरुले नियम अनुसार अनुशासनमा रहनु पर्छ ।

ख) क्याम्पसले जारी गरेको नियम पालना गर्नु विद्यार्थीको कर्तव्य हुनेछ ।

ग) क्याम्पस प्रमुखको स्वीकृति बेगर क्याम्पस हाताभित्र कुनै सभा सम्मेलन गर्न, वाहिरकाव्यक्तिलाई आमन्त्रित गरी बोल्न लगाउन, नाटक, नाचगान आदि कार्यक्रम गर्न पाइनेछैन ।

घ) क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई हुलहुज्जत, दवाव, गालीगलौज, अभद्र व्यवहार गर्न, लेखेर वा बोलेर बेइज्जत गर्न पाइनेछैन ।

ङ) क्याम्पसका पुस्तक, फर्निचर, उपकरण, चल-अचल सम्पत्ति दुरुपयोग वा हिनामिना गर्न पाइनेछैन ।

च) माथि उल्लिखित आचारसंहिता उल्लघन गर्ने विद्यार्थीलाई क्याम्पस प्रमुखले उचित छानविन गरी नसिहत दिने, हानी नोक्सानीको क्षतिपूर्ति गराउने, अपराधको अनुपातमा आर्थिक जरिवाना गर्ने, केही समयका लागि कक्षाबाट निलम्बन गर्ने तथा क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निष्काशन गर्नका लागि सञ्चालक समितिलाई सिफारिस गर्ने आदि कारबाही गर्न सक्नेछन् । यसरी क्याम्पसबाट आचरणसम्बन्धी कारवाहीमा गरिएको निर्णय अन्तिम हुनेछ।

### ४.१५) स्वतन्त्र विद्यार्थी युनियन

विद्यार्थीहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्नका लागि क्याम्पस प्रमुखको संरक्षकत्वमा एउटा स्वतन्त्र विद्यार्थी युनियनको गठन हुनेछ । यस्तो युतियतको गठन क्याम्पसमा नियमित रुपले अध्ययन गर्ने विद्यार्थीहरु मध्येवाट निर्वाचनको प्रक्रियाद्वारा हुनेछ । यस्तो निर्वाचन त्रि.वि.ले तोकेको समयमा हुनेछ । स्व.वि.यु.को गठन, उद्देश्य, सदस्यता, साधारण सभा, कार्यसमिति, काम कर्तव्य र अधिकार त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० अनुसार हुनेछ ।

## परिच्छेद-५
## आर्थिक व्यवस्था

### ५.१) आर्थिक प्रशासनसम्बन्धी नियमहरु

क) क्याम्पस एक आर्थिक कोष रहने छ । त्यस कोषलाई क्याम्पस सञ्चालन, निर्माण, छात्र वृत्ति, सञ्चयकोष, उपदान, अक्षयकोष आदिमा आवश्यकता अनुसार वर्गीकरण गरी सञ्चालन गरिनेछ । आर्थिक कोष नजिकको पायक पर्ने वैङ्कमा वा सञ्चालक समितिले निर्णय गरे अनुसारको नेपाल सरकार को सम्बन्धित निकायवाट स्वीकृत प्राप्त सङ्घ संस्था वा वीत्तीय संस्थामा जम्मा गरिनेछ, सोको खाता सञ्चालन सञ्चालक समितिका अध्यक्ष वा सञ्चालक समितिले तोकेको अन्य व्यक्ति र क्याम्पस प्रमुखको संयुक्त्त दस्तखतबाट हुनेछ ।

ख) क्याम्पस सञ्चालन खातामा देहाय बमोजिमको रकम रहने छन् :

१) क्याम्पस विद्यार्थीबाट उठाइएका शुल्क जरीवाना ।

२) क्याम्पस सञ्चालनका लागि प्राप्त भएको दान, दान्तव्य र अनुदान ।

३) प्रशासनिक कार्य सञ्चालनका लागि भनी प्राप्त भएको रकम ।

४) क्याम्पस सञ्चालक समितिको निर्णयबाट तोकिएको अन्य रकम ।

ग) क्याम्पसको निर्माण खातामा देहाय बमोजिममा रकम रहने छन् ।

१) विद्यार्थीहरुबाट उठेको निर्माण शुल्क ।

२) सरकारी वा गैर-सरकारी निकाय र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट निर्माणको लागि भनी प्राप्त भएको अनुदान ।

३) निर्माणका लागि प्राप्त व्यक्तिगत चन्दा, दान, दान्तव्य आदि ।

४) निर्माण कार्यका लागि भनी सापटी लिएको रकम ।

५) क्याम्पस सञ्चालक समितिको निर्णयबाट तोकिएको अन्य रकम ।

घ) छात्रवृत्ति कोषमा देहाय बमोजिमका रकम रहनेछन् ।

१) क्याम्पसले छात्रवृत्तिका लागि छुट्याएको रकम ।
२) छात्रवृत्तिका लागि भनी प्राप्त भएको चन्दा, दान दान्तव्य र अनुदान ।

ङ) उपदान कोषको स्थापना क्याम्पस सञ्चालक समितिले उपदान कोष वा पारिवारिकउपदानका लागि भनी उठाएको वा तोकेको रकम ।

च) अक्षयकोषको स्थापना :

क्याम्पसमा कुनै प्रयोजनको लागि अक्षयकोषको स्थापना गरिएमा त्यस कोषवाट प्राप्त हुने व्याज मात्र तोकिएका कार्यमा खर्च गर्न पाइनेछ । क्याम्पस सञ्चालक समितिले आवश्यक परेको सम्बन्धित दातृसंस्था वा व्यक्तिको सहमतिमा अक्षयकोष सञ्चालनका लागि छुट्टै नियमावली बनाइ लागू गर्न सक्नेछ ।

छ) लेखा हिसाव राख्ने

क्याम्पसको लेखासम्बन्धी कार्यका लागि एक लेखाशाखा रहने छ । लेखा हिसाव दुरुस्त राख्ने जिम्मेवारी क्याम्पस प्रमुख र लेखा प्रमुखमा रहनेछ । लेखा हिसाव राख्दा क्याम्पस प्रशासन सम्बन्धी र निर्माण सम्वन्धी आय-व्ययको हिसाव छुट्टाछुट्टै राख्नुपर्नेछ । हरेक आर्थिक वर्षको लागि आम्दानी र खर्च सम्वन्धी अनुमानित बजेट तथा गत आर्थिक वर्षको वास्तविक खर्च रकममा समेत समावेश गरी प्रत्येक आ.व. को श्रावण मसान्त भित्र सञ्चालक समिति समक्ष क्याम्पस प्रमुखले बजेट प्रस्तुत गर्नुपर्नेछ । रकम खर्च गर्दा सञ्चालक समितिले तोकेको शीर्षकमा स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही क्याम्पस प्रमुखको आदेशमा खर्च गर्नु पर्नेछ । यदि स्वीकृत बार्षिक बजेटको परिधि नाघ्ने भएमा सञ्चालक समितिको पूर्व स्वीकृत्ति लिई खर्च गर्न पाइनेछ । रकम खर्च गर्दा निर्माणको लागि भनी प्राप्त आम्दानी प्रशासनिक कार्यका लागि भनी जम्मा हुन आएको आम्दानी निर्माणसम्बन्धी कार्यमा खर्च गर्न पाइने छैन । यदी खर्च गर्नुपरेमा सञ्चालक समितिबाट निर्णय गराएपछि शोधभर्ना गर्ने गरी सम्बन्धित खाताबाट सापटी लिई खर्च गर्नुपर्नेछ ।

ज) खरीद गर्ने नियम :

क्याम्पसको सञ्चालन तथा निर्माणका लागि आवश्यक पर्ने मालसामान खरीद गर्दा देहाय बमो जिमका प्रक्रिया अपनाई खरीद गर्नुपर्दछ ।

१) सम्बन्धित शाखाबाट माग फाराम भरी आवश्यक माग भए बमोजिमका सामानहरु रु. १०,०००।- सम्मका प्रमुख आफैले खरीद गर्न सक्नेछन् ।
२) रु. २५,०००।- सम्मका मालसामानहरु खरीद गर्नु पर्दा क्याम्पस प्रमुखले सञ्चालक समितिका अध्यक्षको सहमति लिएर खरीद गर्न सक्नेछ ।
३) रु. २५,०००।- भन्दाबढी मूल्य पर्ने मालसामान खरीद गर्नु परेमा कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी शिल्ड टेण्डर वा कोटेशन खोल्न लगाई सो सञ्चालक समितिको निर्णय अनुसार क्याम्पस प्रमुखले माल सामान खरीद गराउन सक्नेछन् ।
४) यसरी शिल्ड टेण्डरद्वारा कोटेशन माग गर्दा रीतपूर्वकको कम्तीमा तीनवटासम्म परेको हुनुपर्नेछ ।

५.२) निर्माणसम्बन्धी नियम :

क) क्याम्पसमा नयाँ निर्माण वा मर्मत गर्नुपर्ने भएमा रु. १०,०००।- (दशहजार) सम्मको निर्माण वा मर्मत कार्य क्याम्पस प्रमुख आफैले गराउन सक्नेछन् ।

ख) रु. ५०,०००।- सम्मको निर्माण वा मर्मत कार्य क्याम्पस प्रमुखले सञ्चालक समितिका अध्यक्षको सहमति लिएर गराउन सक्नेछन् ।

ग) रु. १,००,०००।- सम्मको निर्माण वा मर्मत कार्य गर्नु पर्ने भएमा मान्यता प्राप्त प्राविधिकद्धारा डिजाइन तथा लागत इष्टिमेट गराई त्यसलाई सञ्चालक समिति वा भवन निर्माण समितिवाट स्वीकृत गराई क्याम्पस प्रमुखले गराउन सक्नेछन् ।

घ) रु. १,००,०००।- भन्दा माथिका निर्माण वा मर्मत कार्य गराउनु पर्दा मान्यता प्राप्त प्राविधिकद्धारा डिजाइन तथा लागत इष्टिमेट गराई त्यसलाई सञ्चालक समिति वा भवन निर्माण समितिबाट स्वीकृत गराई कम्तीमा १५ दिनको सूचनाद्धारा शिल्ड टेण्डर माग गरी मान्यता प्राप्त ठेकेदारबाट निर्माण वा मर्मत गराउनुपर्नेछ ।

ङ) उक्त उपदफा (घ) अनुसार माग शिल्ड टेण्डरहरु क्याम्पस प्रमुख, लेखा प्रमुख, सञ्चालक समिति वा भवन निर्माण समितिका प्रतिनिधिको रोहवरमा खोली सो समिति लिएर टेण्डर स्वीकृत गरी काममा लगाउन सक्नेछन्।

च) उपदफा (घ) बमोजिम माग गरिएको रीत पूर्वकमा कम्तीमा तीवनटासम्म परेको हुनुपर्नेछ ।

छ) शिल्ड टेण्डर स्वीकृत गर्दा पार्टीको काम गर्न सक्ने क्षमता र इमान्दारीताको आधारमा इष्टिमेटको कूल रकमको दश प्रतिशतभन्दा बढी हुन आएमा पनि सञ्चालक समिति वा भवन निर्माण समितिबाट अनुमोदन गराई काममा लगाउन सकिनेछ ।

ज) माथि उल्लेख गरेबमोजिम शिल्ड टेण्डर वा कोटेशन दिनेले कबुल अड्ङ्कको पाँच प्रतिसत रकम धरौटीबापत टेण्डर कोटेशन साथ पेश गर्नु पर्नेछ ।

झ) निर्माण सम्बन्धी उपदफा (क) देखि (ज) सम्म जेसुकै लेखिएको भए तापनि शिल्डटेण्डर माग गर्न अनुपयुक्त ठानिएमा वा टेन्डर वा कोटेशन माग गर्न कसैको पनि नपरेमा सञ्चालक समिति वा भवन निर्माण समितिले अमानतमा वा कूल इष्टिमेट रकममा नबढ्ने गरी भरपर्दो पार्टीसँगै ठेक्कापट्टाको सम्झौतागरी काम गराउन सकिनेछ ।

ञ) रु. १,००,०००।- भन्दा माथिका निर्माण वा मर्मत कार्य गराउनु पर्दा मान्यता प्राप्त प्राविधिकद्धारा काम सकिएपछि अन्तिम जाँचपास गराउनु पर्नेछ । ठेक्कापट्टाको भुक्तानी प्राविधिकद्धारा तयार गरिने रनिङ्ग बिल तथा अन्तिम बिलको आधारमा गरिनेछ ।

५.३) लिलाम बिक्रिसम्बन्धि नियम :

क) क्याम्पसका लागि नचाहिने वा सडीगली जाने सम्भावना देखिएका वा काममा ल्याउन नसकिने भएका मालसामानहरु छुट्याई सोको विवरण तयारपारी १५ दिनको सूचना निकाली लिलाम बिक्रि गर्नुपर्नेछ ।

ख) लिलाम बढाबढ गर्ने समितिका क्याम्पस प्रमुख, लेखा प्रमुख र सञ्चालक समितिका प्रति निधि रहनेछन् ।

ग) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क स्वीकार गर्ने वा उपयुक्त मूल्य प्राप्त नभएको कारणले बोलकबोल अस्वीकार गर्ने अधिकार उक्त समितिलाई हुनेछ ।

घ) लिलाम बढाबढ गर्दा कबुल गरेको कूल अङ्कको १०% रकम नगद नै तुरुन्त बुझाउनु पर्नेछ ।

ङ) तोकिएको समयभित्र रकम नबुझाएमा वा मालसामान नउठाएमा जम्मा गरेको रकम फिर्ता गरिने छैन ।

<u>५.४) लेखा परीक्षणसम्बन्धी नियम</u>

क) क्याम्पसले आफ्नो वर्षभरिको सबै आम्दानी खर्चसम्बन्धी अभिलेखको क्याम्पस सञ्चालक समितिद्धारा नियुक्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

ख) लेखा परीक्षकको नियुक्ति गर्दा सम्बन्धित क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारी बाहेक महालेखा परीक्षकबाट स्वीकृत प्राप्त एवम् रजिष्टर्ड लेखा परीक्षकलाई मात्र गराइनेछ ।

ग) लेखा परीक्षण गर्दा लेखा परीक्षकले लेखा सम्बन्धी अभिलेख नियमित भए, नभएको उठेको रकम समयमै वैडूमा जम्मा भए, नभएको स्वीकृत बजेट शीर्षक बमोजिम खर्च भए नभएको जस्ता कुरामा ध्यान दिनुपर्नेछ ।

घ) लेखा परीक्षकलाई लेखा सम्बन्धी सम्पूर्ण अभिलेख र नीति नियमहरु उपलब्ध गराउनु २' प्रष्ट पार्नु क्याम्पस प्रमुख र लेखा प्रमुखको कर्तव्य हुनेछ ।

ङ) लेखा परीक्षकद्धारा तयार पारिएको वासलात सहितको प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गरिनेछ । सो प्रतिवेदन माथि छलफल गरी आवश्यक परेमा सुझावहरु सहित सञ्चालक समितिवाट सो प्रतिवेदन अनुमोदन गरिनेछ

## परिच्छेद-६
## निर्वाचन सम्वन्धी व्यवस्था

६.१) निर्वाचन :

क) सञ्चालक समितिको निर्वाचनका लागि सञ्चालक समितिले तीन सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर लोकतान्त्रिक निर्वाचन कार्य विधि आफैले निर्माण गर्नेछ ।

ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन समितिको निर्णयतै अन्तिम निर्णय हुनेछ ।

घ) निर्वाचन सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक ठाने सञ्चालक समितिले विनिमय बनाउन सक्नेछ।

ङ) निर्वाचित पदाधिकारी एवम् सदस्यहरुलाई निर्वाचन समितिले तत्काल प्रमाणपत्र प्रदान गर्नेछ ।

च) निर्वाचनको सम्पूर्ण कार्य सम्पन्न भएपछि निर्वाचन समिति स्वत: विघटन हुनेछ ।

## परिच्छेद-७
## विविध

७.१) विविध :

क) क्याम्पसमा अध्ययन गर्ने तथा परीक्षा दिने विद्यार्थीहरुको मासिक शिक्षण शुल्क, प्रवेश शुल्क, निर्माण शुल्क आदि अन्य शुल्कहरु क्याम्पस सञ्चालक समितिले समय समयमा फेरबदल गरी तोक्न सक्नेछ ।

ख) यस विधानलाई संसोधन गर्ने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ ।

ग) यो विधान लागू हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै विधान अनुसार भए गरेको मानिनेछ ।

घ) यस विधानमा कुनै कुरा परस्पर बाझिन आएमा वा नेपालको प्रचलित ऐन प्रतिकुल हुन गएमा एमा त्यससम्बन्धि बाधा अड्काउ फुकाउने अधिकार क्याम्पस सञ्चालकसमितिलाई हुनेछ ।

ङ) यस विधानमा लेखिएका कुरा यसै नियमावली अनुसार हुनेछ र यहाँ उल्लिखित
नभएका कुरामा सन्दर्भमा त्रि.वि. ऐन तथा विनिमयलाई आधार मानी क्याम्पस सञ्चालक समितिले निर्णय गरेअनुसार हुनेछ ।

च) क्याम्पसको पुस्तकालयको एको निर्माण तथा सु-सञ्चालनका लागि पुस्तकालय सञ्चालक समिति गठन हुनेछ । सोको गठन सञ्चालक समितिको निर्देशन अनुसार क्याम्पस प्रमुखले गर्नेछन् ।

छ) स्वामित्व हस्तान्तरण: कुनै कारणवस क्याम्पस सञ्चालन हुन नसकी क्याम्पस विघटन भएमा क्याम्पसको चल अचल सम्पत्ति प्रचलित कानुन बमोजिम नेपाल सरकार वा त्रि.वि. को हुनेछ ।

ज) सपथ ग्रहण अनुसूची ३ मा व्यवस्था गरिए अनुसार हुनेछ ।सञ्चालक समितिको अध्यक्षलाई निर्वाचन समितिको संयोजकबाट, उपाध्यक्ष, सहस्यहरु र क्याम्पस प्रमुखलाई सञ्चालक समितिका अध्यक्षबाट र सहायक क्याम्पस प्रमुख, संकाय प्रमुखका लागि क्याम्पस प्रमुखबाट सपथ ग्रहण गराईनेछ ।

झ) गोप्यता भङ्ग :- सञ्चालक समितिका पदाधिकारी सदस्यहरु एवम् सभासद हरुले क्याम्पसको अहित हुने गरी गोप्यता भङ्ग गर्न हुँदैन र अश्लील र असभ्य भाषाको प्रयोग पाइने छैन । क्याम्पस सभासदले क्याम्पस आचार सहिता विपरित कार्य गरे गराए क्याम्पस हित विरुद्ध गम्भीर कार्य गरेको ठहर भएमा सभासद बाट निष्कासित गर्न सक्नेछ ।

आकाशे निलो रङ्गको वर्गाकार पृष्ठभूमिमा क्याम्पसको छाप (लोगो) भएको झण्डा रहनेछ ।

अनुसुची-३
सपथ ग्रहण

म भानुभक्त बहुमुखी क्याम्पस खैरेनी, बेलचौतराको सञ्चालक समितिको पदमा रही कर्तव्य निष्ट भई मेरो पदको पदीय जिम्मेवारी पूरा गर्नेछु । यस क्याम्पसको उन्नती र प्रगतिका लागि आवश्यक समय प्रदान गर्नेछु । यस क्याम्पसको हित बिपरित कुनै काम गर्ने छैन, काम गरिएको ठहरिएमा कानून अनुसार कारबाहिको भागि हुनेछु ।

जय भानुभक्त क्याम्पस

नाम :

पद :

## अनुसूची-१
## क्याम्पसको छाप

क्याम्पसको छाप निम्न वमोजिम हनेछ :

## अनुसूची-२
## क्याम्पसको झण्डा

आकाशे निलो रङ्गको वर्गाकार पृष्ठभूमिमा क्याम्पसको छाप (लोगो) भएको झण्डा रहनेछ ।

## अनुसुची-३
## सपथ ग्रहण

म भानुभक्त बहुमुखी क्याम्पस खैरेनी, बेलचौतराको सञ्चालक समितिको पदमा रही कर्तव्य निष्ट भई मेरो पदको पदीय जिम्मेवारी पूरा गर्नेछु । यस क्याम्पसको उन्नती र प्रगतिका लागि आवश्यक समय प्रदान गर्नेछु । यस क्याम्पसको हित विपरित कुनै काम गर्ने छैन, काम गरिएको ठहरिएमा कानून अनुसार कारवाहिको भागि